# कमला भासिन



कमला भासिन (२००३ बैशाख १२ - २०७८ असोज ९) भारतको महिला आन्दोलनकी एक तारा हुन् । उहाँका भावना, बुलन्द आवाज, नारा, कविता, गीत, लेखाइ तथा भाषणहरूले आम नागरिक तथा प्राज्ञिक व्यक्तिहरू सबैलाई उत्तिकै छुन्थ्यो र यिनै गुणहरूले गर्दा उहाँलाई नारीवादी आन्दोलनको नेतृत्वको रूपमा स्थापित गराएको थियो ।

कमलाले अप्रिल १९९८ मा संगत नामको दक्षिण एसियाली महिलाहरूको सञ्जालको स्थापनामा सह-संस्थापकको भूमिका निभाउनुभयो । उहाँ भारतमा कार्यस्थल भएको महिला अधिकार सम्बन्धी गैर सरकारी संस्था जागोरीको पनि सह-संस्थापक हुनुहुन्थ्यो । उहाँले किताब, पुस्तिका, गीत तथा कथाहरूले लेखन गर्नुभयो र त्यसमध्ये धेरै रचनाहरू ३० भन्दा बढी भाषामा प्रकाशित भएका छन् । विश्वभर चलेको *वान् बिलियन राइजिङ* (एक अरब जाग्दै) अभियानको अभिन्न अंग रहेकी कमला सन् २००५ मा 'नोबेल शान्ति पुरस्कारका लागि १००० महिला' अभियानको एक संयोजक हुनुहुन्थ्यो ।

व्यक्तिगत क्षति तथा वियोगले उहाँलाई अध्यात्म मार्फत जीवनको गहिरो अर्थ बुझ्न उत्प्रेरित गर्‍यो । उहाँ थिच् न्हात् हान् (Thich Nhat Hahn) र बुद्ध दर्शनको अनुयायी हुनु भए पनि सबै धर्मका सिकाइहरूलाई खुला दिलले स्वीकार्नुहुन्थ्यो ।

# कमला भासिन पुरस्कार



## दक्षिण एसियाभर लैंगिक समानताको यात्राको नेतृत्व गर्ने

यस पुरस्कारले हरेक वर्ष दक्षिण एसियाका दुई व्यक्तिलाई तल दिइएका विधा अन्तर्गत सम्मान गर्छ:

- दक्षिण एसियामा गैर पारम्परिक जीविकोपार्जनको अभ्यास गरिरहेका एक महिलालाई सम्मान गर्न
- लैंगिक समानतामा काम गरेका एक पुरुषलाई सम्मान गर्न

दुवै किसिमका पुरस्कारमा जन्मदाको लैंगिक पहिचानलाई आत्मसात् गरेको/पारलैंगिक महिला तथा पुरुषहरू समावेश गरिएका छन् ।

यस पुरस्कारमा भारतीय रूपैयाँ एक लाख तथा ट्रफी प्रदान गरिनेछ ।

दक्षिण एसियामा काम गरिरहेका परिवर्तनका संवाहक, संस्था तथा दातृ निकायसँग सँगै सिक्न र उनीहरूसँग सम्पर्क स्थापित गर्न पुरस्कृत हुनेहरूलाई राम्रो अवसर हुनेछ ।

## कसले आवेदन दिन सक्छन् ?

दक्षिण एसियाका अफगानिस्तान, बङ्गलादेश, भुटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान तथा श्रीलंकामा बसोबास तथा काम गरिरहेकाहरूबाट आवेदन आह्वान गरिएको छ ।

दक्षिण एसियामा औपचारिक रूपमा स्वीकार गरिएका भाषामा बुझाइएका आवेदनहरूलाई स्वीकारिनेछ ।

## पुरस्कारका विधाहरू

1. गैर पारम्परिक जीविकोपार्जनको अभ्यास गरिरहेका एक महिला (जन्मदाको लैंगिक पहिचानलाई आत्मसात् गरेको व्यक्ति/पारलैंगिक व्यक्ति)
2. किशोर/पुरुषहरूसँग मिली लैंगिक रूपमा न्यायपूर्ण प्रणाली निर्माण गर्न काम गरिरहेका एक पुरुष (जन्मदाको लैंगिक पहिचानलाई आत्मसात् गरेको व्यक्ति/पारलैंगिक व्यक्ति)



# चयनका मापदण्डहरू

## पहिलो विधा

- आफ्नो सन्दर्भमा विगत तीन वर्षदेखि गैर पारम्परिक जीविकोपार्जनको अभ्यास गरिरहेको
- आफ्नो आम्दानी तथा जीवन दुवैमा आफ्नो नियन्त्रण कायम राख्नलाई सशक्तिकरण गरेको
- परिवर्तनका संवाहक हुनुका साथै अन्यको लागि अवसरहरू सिर्जना गरेको ।

महिलाहरू निश्चित जाति, समुदाय, धार्मिक समूह, वा आफ्नो यौनिक अभिमुखीकरण, लैंगिक पहिचान, अपाङ्गता, वासस्थान लगायत कुनै पनि समाजमा विद्यमान विभेदका संरचनाहरूमा आधारित भएर लामो तथा विविध किसिमको सूची हुन सक्छ र ती पक्षहरूले महिलाहरूलाई लगाएको कंक्रिट वा सिसाको पर्खाल र छानोलाई तोड्नु नै गैर पारम्परिक जीविकोपार्जन गर्नु हो । उदाहरणका लागि कमाइ नहुने काम तथा आवातजावतको बारेमा रहेका लैंगिक धारणाहरू महिलालाई सवारी चालक वा डकर्मी बन्न रोक्ने कारणहरूमध्येको एक हो किनकि ती कामहरूका लागि घरबाट दिउँसोको अधिकांश समय र कतिपय अवस्थामा राति पनि टाढा हुनुपर्छ । गैर पारम्परिक जीविकोपार्जन तथा यस क्षेत्रका त्यससम्बन्धी उदाहरणहरूको बारेमा थप जानकारी लिन यहाँ थिच्नुहोस् ।

## दोस्रो विधा

- किशोर/पुरुषहरूसँग मिली लैंगिक रूपमा न्यायपूर्ण प्रणाली निर्माण गर्न विगत पाँच वर्षदेखि काम गरिरहेको
- व्यक्तिगत तथा व्यावसायिक जीवनमा हानिकारक पुरुषत्वलाई प्रतिवाद गर्न हेरचाहमा योगदान गरेर, महिलाहरूको नेतृत्वलाई स्वीकार गरेर, सबै किसिमका लैंगिक हिंसा तथा लैंगिक रूपमा रहेका सामाजिक-सांस्कृतिक मान्यताहरूको विरुद्ध काम गरिरहेको
- परिवर्तनका संवाहक हुनुका साथै लैंगिक रूपमा न्यायपूर्ण संसार निर्माण गर्नका लागि वातावरण बनाउन अन्य पुरुषहरूलाई प्रोत्साहित गरेको ।

लैंगिक समानतालाई प्रवर्द्धन गर्न किशोर तथा पुरुषहरूलाई संलग्न गराउने कार्य एउटा बढ्दो अभियानको हिस्सा हो । कमलाको नारा 'गुणस्तरयुक्त पुरुषहरू समानतादेखि डराउन्नन्' भन्ने नाराले पितृसत्तात्मक मान्यताहरूलाई चुनौती दिन पुरुषहरूको महत्त्वपूर्ण भूमिकालाई प्रकाश पारेको छ । यस विधाले आफ्नो जीवनमा रहेका पितृसत्तात्मक अभ्यासहरूको परीक्षण गर्ने, आफ्नो लाभहरूलाई स्वीकार गर्ने तथा पितृसत्ताका सीमाहरूलाई स्वीकार्ने पुरुषहरूलाई सम्मान गर्ने उद्देश्य राखेको छ । हानिकारक अभ्यासहरूलाई चुनौति दिने, महिला तथा यौनिक अल्पसंख्यक विरुद्ध हुने हिंसालाई विरोध गर्ने, घरायसी हेरचाहका कामहरूको जिम्मेवारी साझा गर्ने, महिला तथा पारलैंगिक व्यक्तिहरूलाई उनीहरूको अधिकार पाउन सहयोग गर्ने आदि कार्यमा सक्रिय रहेका पुरुषहरूको हामीले खोजी गरिरहेका छौँ । ती परिवर्तनका संवाहककहरूलाई एक अर्काबाट सिक्नका लागि सहयोगी वातावरण बनाउने तथा अन्यलाई लैंगिक समानताको पैरवी गर्न उत्प्रेरित गर्ने हाम्रो लक्ष्य रहेको छ ।

## समयरेखा

**२०२५ मार्च ८:** आवेदन प्रक्रिया सुरु

**२०२५ जून ३०:** आवेदन प्रक्रिया बन्द

**२०२५ जुलाई -** सेप्टेम्बर: उम्मेदवारहरूको छनोट र अन्तर्वार्ता

**२०२५ अक्टोबर:** विजेताहरूको घोषणा

**२०२५ नोभेम्बर २७:** पुरस्कार समारोह, टेवा (TEWA), ललितपुर, नेपाल



# निर्णायक मण्डल



## वंगलादेश

**खुसी कबीर** एक सामाजिक अभियन्ता, नारीवादी तथा वातावरणवादी हुनुहुन्छ । उहाँ हाल निजेरा कोरीको संयोजक हुनुहुन्छ । उहाँ सेन्टर फर पोलिसी डायलगको सदस्य तथा गुठियार; संगतको क्षेत्रीय सल्लाहकार तथा *वान् बिलियन राइजिङ* नामको विश्वव्यापी अभियानको वंगलादेश संयोजक जस्ता विभिन्न राष्ट्रिय, क्षेत्रीय तथा विश्वव्यापी मञ्चहरूमा मानार्थ रूपमा सहभागी हुनुहुन्छ ।

## नेपाल



**विन्दा पाण्डे** नेपाली राजनीतिक अभियन्ता हुनुहुन्छ । उहाँ नेपाल कम्युनिष्ट पार्टी (एमाले) लाई प्रतिनिधित्व गर्दै पहिलो संविधानसभा (२०६५-६९) मा सभासद् हुनुभएको थियो र हाल संघीय संसदको सांसद हुनुहुन्छ । उहाँ सन् २००४ देखि २००९ सम्म नेपाल ट्रेड युनियन महासंघको उप-महासचिव हुनुहुन्थ्यो । उहाँले सन् २०११ देखि २०२१ सम्म अन्तर्राष्ट्रिय श्रम संगठनको शासकीय निकायमा एसिया प्यासिफिक ट्रेड युनियनको प्रतिनिधित्व गर्नुभयो । उहाँले "नेपाली ट्रेड युनियन आन्दोलनमा महिला सहभागिता" र "नेपाली राजनीतिमा महिला" शीर्षकमा किताबहरू लेख्नुभएको छ ।

## भारत



**अनु आगा** विज्ञताका हिसाबले सामाजिक कार्यकर्ता हुनुहुन्छ । थर्मेक्सको सञ्चालक समितिले उहाँलाई कार्यकारी अध्यक्षको रूपमा नियुक्त गरेको थियो । त्यहाँबाट सेवा निवृत्त भएपछि आर्थिक रूपमा विपन्न वर्गको प्राथमिक शिक्षामा आफूलाई केन्द्रित गर्नुभयो । आकांक्षाको सञ्चालक समितिमा उहाँ दुई वर्ष कार्यरत रहनुभयो र टिच फर इन्डियाको सुरुवात गर्न मद्दत गर्नुभयो । उहाँले टिच फर इन्डियाको अध्यक्षबाट सेवा निवृत्त भए पनि त्यसको सञ्चालक समितिमा अझै हुनुहुन्छ । अनु कन्फेडेरेसन अफ इन्डियन इन्डस्ट्रीमा पनि सक्रिय हुनुहुन्छ र उहाँले छ वर्ष राज्य सभाको सदस्यको रूपमा पनि काम गर्नुभयो ।



**नमिता भण्डारे** सँग सन्डे, इन्डिया टुडे जस्ता म्यागजिन तथा हिन्दुस्तान टाइम्स जस्ता दैनिक प्रकाशनका लागि तीस वर्ष लामो पत्रकारिता गर्दा पुरस्कारहरू जितेको अनुभव छ । सन् २०१३ मा उहाँलाई मिन्ट पत्रिकाले लैंगिक सम्पादकको रूपमा नियुक्त गरेको थियो र त्यहाँ सन् २०१६ सम्म कार्यरत हुनुभयो । उहाँले महिला तथा कामको बारेमा लेखहरूको श्रृंखला प्रकाशित गर्नुभएको छ ।



## पाकिस्तान



**मुनिजेई जहाङ्गिर** मानव अधिकारका सवालहरूमा काम गर्ने पाकिस्तानको पहिलो सञ्चार मञ्च, Voicepk.net, का प्रधान सम्पादक हुनुहुन्छ । उहाँ पुरस्कार विजेता टीभी पत्रकार तथा वृत्तचित्र निर्माता हुनुहुन्छ र हाल उहाँले आज टीभीमा धेरै हेरिने समयमा समसामयिक विषयहरूको कार्यक्रम सञ्चालन गर्नुहुन्छ । उहाँ पाकिस्तानको मानव अधिकार आयोगको निर्वाचित परिषद् सदस्य हुनुका साथै मानव अधिकारका लागि दक्षिण एसियालीको सञ्चालक समितिको निर्वाचित सदस्य र सञ्चारमा दक्षिण एसियाली महिलाको संस्थापक हुनुहुन्छ । विश्व आर्थिक मञ्चले उहाँलाई सन् २००८ मा विश्वका युवा नेतृत्वको रूपमा सम्मान गरेको थियो ।

## श्रीलंका



**राधिका कुमारास्वामी** प्रख्यात वकिल, कूटनीतिज्ञ तथा मानव अधिकार पैरवीकर्ता हुनुहुन्छ र उहाँले संयुक्त राष्ट्रको उप-महासचिव तथा सन् २००६ देखि २०१२ मा सेवा निवृत्त नभइञ्जेलसम्मका लागि बालबालिका तथा सशस्त्र द्वन्द्वको विषयमा महासचिवको विशेष प्रतिनिधिको रूपमा काम गर्नुभएको थियो । सन् १९९४ देखि २००३ सम्म उहाँ महिला विरुद्ध हुने हिंसा सम्बन्धमा संयुक्त राष्ट्रसंघको विशेष अभिलेखनकर्ता हुनुहुन्थ्यो । सन् २०१७ मा उहाँलाई म्यानमारको बारेमा सत्यतथ्य पत्ता लगाउने टोलीमा नियुक्त गरिनुका साथै मध्यस्थताको सम्बन्धमा महासचिवको सल्लाहकार समितिको सदस्यको रूपमा पनि नियुक्त गरिएको थियो । जुन २०२२ मा उहाँलाई इथियोपियाको सम्बन्धमा मानव अधिकार विज्ञहरूको अन्तर्राष्ट्रिय आयोगमा सदस्यको रूपमा मनोनयन गरिएको थियो ।



# यस पुरस्कारमा संलग्न संस्थाहरू

Azad Foundation

आजाद फाउन्डेसन सामाजिक तथा धार्मिक विविधता भएका क्षेत्रहरुमा काम गर्ने एक नारीवादी संस्था हो र यसले व्यावहारिक गैर परम्परागत जीविकोपार्जनका विकल्पहरूमा संलग्न गराई स्रोतहरूमा कमजोर महिलाहरूलाई सशक्तिकरण गर्ने वातावरण बनाउँदछ ।

आजादको बारेमा थप जानकारी पाउन www.azadfoundation.com थिच्नुहोस् ।

## आईपार्टनर इन्डिया, UK

संयुक्त अधिराज्यमा आधारित रहेको आईपार्टनर इन्डियाको परिकल्पना लैंगिक रूपमा न्यायपूर्ण तथा समतामूलक भारत निर्माण गर्नु हो । गरिबीको मात्रा उल्लेखनीय रूपमा घटेको, लिंग, जात, वा आर्थिक सामाजिक पृष्ठभूमिका बाबजुद हरेक व्यक्तिले समान अवसर पाउने भारतको परिकल्पना हो । हामीसँग पछाडि परेकाहरूको जीवनमा रूपान्तरण गर्न स्थानीय तहमा प्रत्यक्ष रूपमा र अन्य गैर सरकारी संस्थाहरूसँग काम गरेको अनुभव छ ।

आईपार्टनर इन्डिया, संयुक्त अधिराज्यको बारेमा बढी जानकारी पाउनका लागि iPartner India Making marginalized voices heard थिच्नुहोस् ।

## न्यासनल फाउन्डेसन फर इन्डिया

न्यासनल फाउन्डेसन फर इन्डिया नागरिक संलग्नता, प्रतिक्रियात्मक नीति निर्माण तथा सामाजिक जबाफदेहिता मार्फत सामाजिक न्यायको वातावरण बनाउन काम गर्ने संस्था हो । सामाजिक न्याय प्रवर्द्धन गर्ने दिशामा यस फाउन्डेसनले १४ राज्यका ५०० भन्दा बढी भूइँतहका सामाजिक संस्थाहरूसँग विगत तीन दशकमा काम गरेको छ । जलवायु परिवर्तन, लैंगिक न्याय, नागरिक स्थान तथा संवैधानिक मूल्य मान्यताको प्रवर्द्धन गर्ने विभिन्न विधामा यस फाउन्डेसनले दलित, आदिवासी तथा अल्पसंख्यक समुदायहरूसँग काम गरिरहेको छ ।

न्यासनल फाउन्डेसन फर इन्डियाको बारेमा थप जानकारी पाउनका लागि https://www.nfi.org.in/ थिच्नुहोस् ।

Azad Foundation PARTNER INDIA nfi National Foundation for India Hosting Partner: ChaiTewa